# स्थानीय राजपत्र
# घोराही उपमहानगरपालिका
# लुम्बिनी प्रदेश, घोराही, दाङ ।
# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५
# (संशोधन २०७९)

**प्रस्तावनाः**

घोराही उपमहानगरपालिकाको राजश्व तथा बजेट व्यवस्थापन शाखाबाट कार्यपालिकाको मिति २०७९।०६।१३ गते बसेको १२७औं बैठकमा संशोधन प्रस्ताव पेश भई उक्त प्रस्ताव कार्यपालिकाबाट पारित गरी यो "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५(संशोधन २०७९) जारी गरिएको छ ।

(३) [1]..............................

(४) उपदफा (२) बमोजिम शहरी विकास तथा पूर्वाधार महाशाखाबाट सिफारिससहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र [2]...................... प्रमूख प्रशासकीय अधिकृतले वा निजले तोकेको अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्ने ।

[3](४) दफा ३ मा "नविकरणको म्याद सकिएका घ वर्गको निर्माण व्यवसायी नविकरण गर्न आएमा आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाणपत्र सहित पेश भएका निर्माण व्यवसायीहरुको नविकरण सम्बन्धमा एक वर्ष भित्र रु. २००००।– (बीस हजार) र एक वर्ष भन्दा वढी अवधि

[1] दफा २ को उपदफा (३) हटाइएको।

[2] दफा २ को उपदफा (४)मा संशोधन गरी हटाइएको गरिएको।

[3] दफा ३ मा उपदफा (४) थप गरिएको।

भएमा बढी भएको प्रत्येक वर्षको रु.५०००।–(पाँच हजार) का दरले थप जरिवाना समेत लिई नविकरण गर्ने" ।

आज्ञाले,

भोजराज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत